नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## डडेल्धुरा

पत्र संख्याः- २०८२/०८३

चलानी नम्बरः-

## प्रेस विज्ञप्ति

मिति २०८२ फागुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको सन्दर्भमा पेट्रोलियम पदार्थ सहज आपूर्ति र भण्डारण गर्नका लागि मिति २०८२।१०।२७ गते जिल्ला स्थित सञ्चालित आयल स्टोरहरुसँग छलफल गरियो ।

बजारमा पेट्रोलियम पदार्थको माग तथा आसन्न निर्वाचनमा हुन सक्ने थप माग समेतलाई मध्यनजर गरी नेपाल आयल निगम, कैलाली स्थित क्षेत्रीय कार्यालयसँग आवश्यक समन्वय गर्ने काम यस कार्यालयबाट भईरहेको छ । खुला रुपमा बिक्री वितरण हुने पेट्रोलियम पदार्थलाई पूर्णतः बन्द गर्दै पेट्रोलियम पदार्थको सहज आपूर्ति गराउन निर्वाचन अवधिभर जिल्ला स्थित आयल स्टोरलाई चौबिसै घण्टा खुला राख्न समेत अनुरोध गरिएको छ ।

आम उपभोक्तालाई आवश्यकता अनुसार पेट्रोलियम पदार्थको खरिद गर्न तथा अनावश्यक भण्डारण गर्ने कार्य नगर्न तथा कहि कतै कृत्रिम अभाव सिर्जना गर्ने, कालोबजार गरी पेट्रोलियम पदार्थको विक्री वितरण गरिएको पाईएमा जिल्ला प्रशासन कार्यालय, डडेल्धुरामा तत्काल जानकारी गराउन समेत हार्दिक अनुरोध गर्दछौं ।

**अमर बहादुर वली**

**सहायक प्रमुख जिल्ला अधिकारी**

सहायक प्रमुख जिल्ला अधिकारी

मितिः २०८२।१०।२८ गते

नेपाल सम्बत ११४६